## सम्मलेनमा सहभागी तथा पर्यवेक्षकहरुले पालना गर्नुपर्ने नियमहरु

सरकारी वकीलहरुको तेस्रो राष्ट्रिय सम्मेलनमा सहभागी तथा पर्यवेक्षकहरुले पालना गर्नुपर्ने नियमहरु निम्न बमोजिम तोकिएको छ ।

- सत्रको लागि तोकिएको समयभन्दा १५ मिनेट अगावै virtual classroom मा उपस्थित हुने । निर्धारित कार्यक्रम सम्पन्न नभई लगआउट हुनु हुनेछैन ।
- सम्मेलनमा सहभागी हुँदा कार्यालयको औपचारिक पोशाक लगाउनु हुनेछ ।
- सत्र अवधिभर आफ्नो भिडियो चालु राख्ने, बोल्नुपर्दा मात्र माइक्रोफोन On गर्ने, पालैपालो आफ्नो कुरा राख्ने र अरु बेला माइक्रोफोन MUTE राखिराख्ने। बोलेर सहभागिता जनाउन अनुकूल नभएको अवस्थामा आफ्नो विचार, धारणा र प्रश्नहरुमात्र CHAT BOX मा राख्न सकिन्छ । CHAT BOX मा नमस्कार, स्वागत लगायतका शब्दहरु लेख्नु हुनेछैन् ।
- कार्यक्रम कार्यतालिका अनुरुप सञ्चालन हुने हुँदा सहभागीहरुले आफ्नो कार्यालयको जिम्मेवारी र सेवाग्राहीसँगको भेटघाट सोही अनुरुप व्यवस्थापन गर्ने र सम्मेलनका समय सिकाइमै केन्द्रित रहने ।
- सम्मेलनमा स्थान चयन गर्दा आफ्नो कार्यालयको कार्यकक्ष, घरको अध्ययन/बैठक कक्ष वा उपयुक्त स्थान चयन गर्ने र क्यामेरामा देखिने पृष्ठभूमि सादा र कार्याक्रम सुहाउँदो हुनुपर्नेछ ।
- अनलाइन सेसन चलिरहेको बखत खाना खाजा खाने, फोनमा कुराकानी गर्ने जस्ता कार्यहरु र अनावश्यक रुपले अरुको ध्यानाकर्षण हुने खालका क्रियाकलाप नगर्ने ।
- सहभागीहरूले यस सम्मेलनको प्रयोजनको लागि उपलब्ध गराइएका सबै अनलाइन सामग्रीहरू अध्ययन गरी आउनु हुनेछ ।
- सहभागीहरूले छलफलमा भाग लिँदा समय व्यवस्थापनमा सहयोग पुग्ने कुरालाई विशेष ध्यान दिनु हुनेछ ।
- छलफललाई अपराध अनुसन्धान र अभियोजनको कार्य सम्पादनमा सुधार ल्याउने विषयमा केन्द्रित गर्नु पर्नेछ।
- सम्मेलनका सहभागीहरूलाई तत्काल कुनै समस्या परेमा संयोजन समूह मार्फत निकासा लिई आवश्यक निर्णय लिनु हुनेछ । सामान्य अवस्थामा कुनै पनि कारणले आफूलाई तोकिएको कार्यक्रमबाट बाहिरिनु हुनेछैन ।
- सम्मेलनका सहभागीहरूले शिष्ट र मर्यादित व्यवहार गर्नु हुनेछ ।
- सम्मेलनलाई सफल बनाउन रचनात्मक सहयोग गर्नुहुनेछ ।

  उल्लिखित नियमहरूका अतिरिक्त अन्य व्यवस्था सम्बन्धित संयोजन समूहले निर्धारण गरे बमोजिम हुनेछ ।